बैठक संख्याः १७

मितिः २०७९फागुन १९ गते
समयः बिहान ८ बजे

नगर कार्यपालिकाका अध्यक्ष/नगरप्रमुख श्री भूपेन्द्र कुमार लावतीको अध्यक्षता र देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भूपेन्द्रकुमार लावती | नगर प्रमुख/अध्यक्ष | |
| २ | श्री कृष्णकुमारी निरौला | उप प्रमुख | |
| ३ | श्री विष्णुकुमार मगर | वडाध्यक्ष वडा नं.१ | |
| ४ | श्री तेजप्रसाद तिम्सिना | वडाध्यक्ष वडा नं.२ | |
| ५ | श्री डम्बर बहादुर राई | वडाध्यक्ष वडा नं.३ | |
| ६ | श्री रामकुमार श्रेष्ठ | वडाध्यक्ष वडा नं.४ | |
| ७ | श्री भूमबहादुर सुर्य मगर | वडाध्यक्ष वडा नं.५ | |
| ८ | श्री जंगवीर तामाङ | वडाध्यक्ष वडा नं.६ | |
| ९ | श्री खगेन्द्रबहादुर लिम्बु | वडाध्यक्ष वडा नं.७ | |
| १० | श्री भीमप्रसाद पोखेल | वडाध्यक्ष वडा नं.८ | |
| ११ | श्री नन्दप्रसाद खतिवडा | वडाध्यक्ष वडा नं.९ | |
| १२ | श्री अमिता राई | कार्यपालिका सदस्य | |
| १३ | श्री चम्पा थापा मगर | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १४ | श्री शोभा बोहरा | कार्यपालिका सदस्य | |
| १५ | श्री पुरणमाया राई | कार्यपालिका सदस्य | |
| १६ | श्री गीता मगर | कार्यपालिका सदस्य | |
| १७ | श्री ओमप्रकाश वि.क. | कार्यपालिका सदस्य | |
| १८ | श्री गंगामाया विश्वकर्मा | कार्यपालिका सदस्य | गंगा |
| १९ | श्री माया नेपाली दर्जी | कार्यपालिका सदस्य | माया |
| २० | श्री पुरुषोत्तम घिमिरे | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति

उपसचिव श्री कृष्णराज राई

अधिकृतस्तर सातौं श्री भुपेन्द्र खनाल

लेखा अधिकृत श्री डिक बहादुर लोडारी

इन्जिनियर श्री भानु भक्त राई

स्वकिय सचिव श्री परलाद खड्का

सहायकस्तर चौथो श्री रबि सुबेदी

कार्यालय सहयोगी बिकाल बि.क.

२०७९ फागुन १९ गते विहान ८ वजे

| सि नं | छलफलका विषय | निर्णय |
| --- | --- | --- |
| १ | निर्णय समिक्षा | यस अघिल्लो बैठकको निर्णय कार्यान्वयन समिक्षा गरियो । |
| २ | चुरेक्षेत्रको नदिजन्य पदार्थको ठेक्का बन्दोवस्त गर्ने । | जिल्ला अनुगमन समितिको निर्णय सहित राष्ट्रपति चुरे तराइ क्षेत्र संरक्षण समितिमा महाभारतवाट यस नगरपालिकाको चुरे क्षेत्र भइ वगेर आउने चिसाङ मोरङ्गी तथा तेलि खोलामा अधिक जम्मा भएको नदिजन्य सामाग्रीको कारण खोला छेउका वस्ती तथा जमीन जोखिममा रहेको हुँदा निकाल्ने अनुमतिका लागि अनुरोध गरिएको थियो । चुरे तराइ क्षेत्र संरक्षण समितिको स्थलगत अनुगमन भइ तहाँको च नं २५७ मिति २०७९ फागुन ६०००० घनमीटर नदिजन्य सामाग्री निकाल्ने अनुमति प्राप्त भएको हुँदा सो कार्यका लागि आय ठेक्का बन्दोवस्त गर्ने । यसकार्यका लागि कुनै किसिमको हेभी इक्विपमेन्टको प्रयोग गर्न नपाइने उल्लेख भएको तर खोलाको प्रकृति अनुसार हेभी इक्विपमेन्ट प्रयोग नगरी घरेलु औजारको सहायताबाट पाइलट च्यानल निर्माणको काम सम्भव नभएको हुँदा प्रत्यक्ष निगरानीमा आवश्यकतानुसार इक्विपमेन्टद्वारा काम गर्ने गराउने गरी चुरे संरक्षण समितिलाइ अनुरोध गर्ने । |
| २ | मेला/मिनि महोत्सव सञ्चालन अनुमति | यस नगरको वडा नं ८ मा लगाइने टेक्का मिनि मेला महोत्सवमा जुवाजन्य खेलहरु समावेश नहुने गरी बढिमा १० दिनका लागी स्वीकृति उपलव्ध गराइदिन जिल्ला प्रशासन कार्यालय मोरङमा सिफारिस गर्ने । उद्देश्य अनुरुप मेला महोत्सव सञ्चालन भए नभएको वडा नं ८ को वडा समितिले नियमित अनुगमन गर्ने । |
| ३ | पाठ्यक्रम स्वीकृति र कार्यान्वयन । | स्थानीय भाषाको पाठ्यक्रम तयार गरी कार्यान्वयन गर्ने क्रममा लिम्बू भाषाको पाठ्यक्रम निर्माणको काम सम्पन्न भैसकेको हुँदा पाठ्यक्रम स्वीकृत गरियो र सो पाठ्यक्रम वडा नं ७ महेन्द्र मा वि वारङ्गीमा शैक्षिक बर्ष २०८० बाट कार्यान्वयन गर्ने । |
| ४ | निर्माण व्यवसायी इजाजत प्रदान गर्ने । | जेनिथ बिल्डर्स लेटाङ ८ ले घ वर्गको निर्माण व्यवसायी इजाजतका लागी पेश गरेको कागजातहरु प्राविधिक समितिबाट मूल्याङ्कन भइ इजाजत दिने प्रयोजनमा सिफारिस भएको हुँदा घ वर्गको निर्माण व्यवसायी इजाजत जारी गर्ने । |

<table>
<tr><td>५</td><td>प्रेस विज्ञप्ति जारी गर्ने ।</td><td>लेटाङ खबरबाट सवारी साधन सम्बन्धी प्रसारित खबरमा उल्लेख गरिएको भ्रमपूर्ण तथ्यलाइ खण्डन गर्दै नगर कार्यपालिका प्रवक्ताबाट विज्ञप्ति जारी गर्ने ।</td></tr>
<tr><td>६</td><td>वालिका शिक्षा वचत कार्यक्रमका लागि बैंक निर्धारण र छात्रासंग उपमेयर कार्यक्रममा सामान वितरण ।</td><td>-वालिका शिक्षा वचत कार्यक्रम कार्यान्वयनका लागि बाणिज्य बैङ्कमा खाता खोल्नुपर्ने भएको हुँदा राष्ट्रिय वाणिज्य बैङ्कलाइ तोक्ने<br>-छात्रासंग उपमेयर कार्यक्रम मार्फत विपन्न वर्गका वालिकालाइ विद्यालय झोला वितरण गर्ने ।</td></tr>
<tr><td>७</td><td>शीर्षक परिवर्तन गरी कार्यान्वयन</td><td>आर्थिक विकास समितिको निर्णयानुसार कृषि तथा पशुपंक्षी शाखासंग सम्बन्धित आगामी सभाबाट समर्थन हुने गरी देहायका शीर्षक परिवर्तन गरी कार्यान्वयन गर्ने ।
<table>
<tr><td>सुपारी खेती प्रवर्द्धन र विस्तारमा सहयोग रु १० लाख मध्येबाट</td><td>हाइब्रिड मकैको वीउ वितरणमा रु ५ लाख ।</td><td>कृषि शाखा</td></tr>
<tr><td>व्यवस्थित मासु पसल निर्माण तथा सुधारमा निजी क्षेत्रसंग साझेदारी<br>मा रु ५ लाख</td><td>पशुउपचारका लागि औषधी खरीद तथा वितरणमा रु ५ लाख</td><td>पशुपंक्षी शाखा</td></tr>
</table></td></tr>
<tr><td>८</td><td>बिदा मिलान गरी रमाना सम्बन्धमा</td><td>यस लेटाङ नगरपालिकामा कार्यरत सहायक स्तर पाँचौ श्री सुजन राई रा.प.तृतीय श्रेणीको पदमा वढुवा भई राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग अन्तर्गत चितवन राष्ट्रिय निकुञ्जको कार्यालयमा पदस्थापना हुनु भएको निजले अध्ययन बिदा लिई अध्ययन गर्न गएकोमा कोभिड १९ प्रकोपका कारण अध्ययन अवधि लामो भई ५ बर्ष समय अवधी नाघेकोमा अध्ययन विदाको सीमा भन्दा बढिको बिदा मिलान कसरी गर्ने भन्ने बिषयमा संघीय निजामती सेवा ऐन तथा नियमावलीमा कुनै व्यवस्था नभएको र नयाँ संघीय निजामती सेवा ऐन आइनसकेको हुँदा निजको घर बिदा र विरामी बिदाबाट निजको अनुपस्थित अवधि ३०७ दिन मिलान गरी निजलाई रमाना उपलब्ध गराउने।</td></tr>
</table>

<table>
<tr><td>९</td><td>बजेट बिनियोजन</td><td>
<table>
<tr><th>क.सं.</th><th>बिनियोजन शिर्षक</th><th>ठेगाना</th><th>रकम</th><th>श्रोत</th></tr>
<tr><td>१</td><td>शिवशक्ति बाल बिकास केन्द्र भवन निर्माण</td><td>लेटाङ-६</td><td>५००००</td><td>अन्य सार्वजनिक निर्माण</td></tr>
<tr><td>२</td><td>माङ्गहिम मन्दिर निर्माण</td><td>लेटाङ-८</td><td>६००००</td><td>धार्मिक पूर्वाधार निर्माण</td></tr>
</table>
</td></tr>
<tr><td>१०</td><td>कार्यविधि संसोधन सम्बन्धमा।</td><td>नगरपालिकामा करार प्राविधिक कर्मचारी व्यवस्था गर्ने सम्बन्धी कार्यविधि २०७४ को दफा ५ मा देहाय बमोजिमको व्यवस्था थप गरिएको छ।<br>माथी ख मा जुनसुकै कुरा लेखिएको भएतापनी आवश्यकताअनुसार नेपाल सरकार द्वरा मान्यता प्राप्त संस्थाबाट पदपूर्ती समितिमा प्रतिनिधित्व गराउन बाधा पुगेको मानिने छैन।</td></tr>
<tr><td>११</td><td>आर्थिक सहयोग सम्बन्धमा।</td><td>१.यस लेटाङ नगरपालिका वडा नं ५ मा बसोबास गर्ने श्री छवि मगरको श्रीमती पविता मगरको किट्नी सम्बन्धी समस्या भई २०७९/०८/२८ गते मृत्यु भएको र निजको पति समेत किट्नी सम्बन्धी समस्याले पिडित तथा निजको आर्थिक अवस्था समेत अत्यन्तै कमजोर भएको हुँदा निजलाई काजक्रिया खर्च सहयोग स्वरूप रू१०,०००/-प्रदान गर्ने। (राहात तथा पुनस्थापन खर्च शिर्षकबाट)<br>२.लेटाङ नगरपालिका ४ नं वडामा अवस्थित सितोरियो कराते (डो जो) क्लब लाई कराते प्रतियोगितामा सहभागी हुन बेलबारी गएकाले उक्त खेलमा सहभागी हुन लाग्ने प्रवेश शुल्क तथा अन्य विविध खर्चको लागि रू३००००/- आर्थिक सहयोग प्रदान गर्ने(खेलकुद प्रतियोगिता संञ्चालन शिर्षकबाट)</td></tr>
</table>